# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ५ मितिः २०७६/०६/३०

## भाग -२

### रामपुर नगरपालिकाको
### आर्थिक विकास परियोजना संचालन कार्यविधि -२०७६

**पृष्टभूमि:** रामपुर नगरपालिका क्षेत्रमा कृषि, पशुपालन र उद्योगको विकास तथा व्यवसायीकरणद्वारा आर्थिक विकासलाइ टेवा पुर्‍याउन तथा रामपुर नगरपालिकाको पाचौ नगर सभा द्वारा पारित नीतिको ६४ नं. बुदा बमोजिम राजश्व संकलनलाई व्यवस्थित गर्नका लागि आर्थिक विकास परियोजनाको स्थापना गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि **"आर्थिक विकास परियोजना संचालन कार्यविधि- २०७६"** तयार गरि लागु गरिएको छ |

## खण्ड १

१. **संक्षिप्त नाम , प्रारम्भ र परिभाषा :**

१.१. यो कार्यविधिको नाम **"आर्थिक विकास परियोजना कार्यक्रम संचालन कार्यविधि -२०७६"** रहेको छ |

१.२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ |

१.३. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"कार्यपालिका"** भन्नाले रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ |

ख) **"कृषक"** भन्नाले ब्यबसायिक वा ब्यवसाय उन्मुख खाद्यान्नबाली, तरकारीबाली, नगदेबाली, औद्योगिक बाली, मसलाबाली, तेलहंनबाली, दलहनबाली, फलफुलखेति, च्याउ खेति, माछ्रापालन, मौरीपालन आदि निश्चित क्षेत्रफलमा खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ |

ग) **"कृषि समूह"** भन्नाले करिब १५-३० जनाको कृषक सदस्य रहेको समुहलाई बुझ्नुपर्दछ |

घ) **"नगरपालिका"** भन्नाले रामपुर नगरपालिका, रामपुर पाल्पालाई जनाउनेछ |

ङ) **"कृषि शाखा"** भन्नाले यस नगरपालिकाको कृषि शाखा वा उपशाखा वा इकाई वा कृषि सेवा केन्द्रलाई जनाउनेछ |

च) **"समिति"** भन्नाले आर्थिक विकास परियोजना संचालन समिति सम्झनु पर्दछ |

छ) **"व्यवसाय दर्ता"** भन्नाले रामपुर नगरपालिकामा संचालन भएका र नगरकार्यपालिकाको कार्यालयमा दर्ता भएका पसल, व्यवसाय, कृषि वा पशुपन्छी फार्म, साना/ठुला उधोग लाइ जनाउने छ |

## खण्ड २

२. **उद्देश्य**

क) रामपुर नगरपालिकाको आर्थिक विकासद्वारा पूर्वाधार विकासलाई टेवा पुऱ्याउने।

ख) कृषि, पशुपालन तथा उद्योगको विकास गर्न सहयोग पुऱ्याउने।

ग) कृषि, पशुपालन तथा उद्योग सम्बन्धि अन्तरक्रिया, गोष्ठी, तालिम जस्ता सचेतना कार्यक्रम संचालन गर्ने |

घ) कृषि तथा पशुपालन क्षेत्रको आधुनिकरण तथा ब्यबसायिकरणमा टेवा पुऱ्याउने।

ङ) रामपुर नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन यस नगरपालिकाको हरेक वडामा एक जना कृषि सेवाको (कृषि विकास/पशु विकास) प्राबिधिक राखी एक वडा एक उत्पादन कार्यक्रम लागु गर्ने |

च) राजस्व संकलनलाई प्रभावकारी बनाउने |

## खण्ड ३

### ३. आर्थिक विकास परियोजना कार्यक्रम संचालन समिति

३.१. आर्थिक विकास परियोजना कार्यक्रम संचालनको लागि देहाय बमोजिमको **आर्थिक विकास परियोजना कार्यक्रम संचालन** समिति गठन गरिनेछ |

संयोजक - नगर प्रमुख

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - पूर्वाधार विकास समितिको संयोजक

सदस्य - कृषि विकास अधिकृत

सदस्य - पशुसेवा सम्बन्धि प्राबिधिक वा बिज्ञ

सदस्य - नगर प्रमुखले तोकेको १ जना बिज्ञ वा कृषि उद्यमी वा रामपुर उद्योग बाणिज्य संघको पदाधिकारी

सदस्य सचिब —प्रशासन शाखा प्रमुख

३.२. आर्थिक विकास परियोजना कार्यक्रम समितिले कार्यक्रमको बिधि आफै निर्माण गर्न सक्नेछ ।सोहि समितिले कार्यक्रम संचालन पश्चात अनुगमन गर्न सक्नेछ | साथै समितिका पदाधिकारीहरुले बैठक तथा अनुगमनको भत्ता नगर कार्यपालिकाको नियम अनुसार पाउनेछन ।

## खण्ड ४

**४. आर्थिक विकास परियोजनाका कार्यक्रमहरुः**

४.१. एक वडा एक उत्पादन कार्यक्रम/एक वडा एक कृषि प्राबिधिक

४.२. हरेक वडामा कृषि तथा पशु सम्बन्धि अन्तरक्रिया कार्यक्रम, तालिम वा गोष्ठी संचालन ।

४.३. नया उद्योग, कृषि वा पशुपन्छी फार्म निर्माण तथा संचालनको लागि प्रस्ताब आव्हान मार्फत अनुदान कार्यक्रम

४.४. यान्त्रिकरण सहयोग कार्यक्रम

४.५. फलफुल बगैचा स्थापना कायक्रम

४.६. राजस्व संकलन, व्यवसाय दर्ता तथा नबिकरण

४.७. पर्यटन विकास कार्यक्रम

## खण्ड ५

**५. परियोजनाको संचालन प्रक्रिया** : यस आर्थिक विकास परियोजना संचालन गर्न देहाय बमोजिमको मापदण्डलाइ आधार मानिनेछ –

५.१. आर्थिक विकास कार्यक्रम संचालन समितिले निर्णय गरि खण्ड ५ बमोजिमको कुनै कार्यक्रम संचालन गर्न निर्णय गर्न सक्नेछ र सम्बन्धित नगरपालिकाको शाखालाइ जिम्मा दिन सक्ने छ ।

५.२. १५ दिने सूचना मार्फत माग भएका कार्यक्रमको प्रस्तावनाका आधारमा वा समितिले आवश्यकता ठानेमा जुनसुकै समयमा कार्यक्रमको लागि निर्णय गर्न सक्नेछ ।

५.३. यस समितिले पुँजीगत तर्फ नभई चालु खर्च शिर्षकको विकास कार्यमा प्राथमिकता दिनु पर्नेछ ।

५.४. समितिले कृषि. पशुपालन वा उद्योग मार्फत व्यापक परिवर्तन महसुस हुने गरि कार्यक्रम निर्माण गरि लागु गर्नेछ ।

५.५. समितिले कुनै कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपन्छी फार्म संचालक/कृषि तथा पशुपन्छी व्यवसायी वा अन्य सरोकारवाला समूहसंग अन्तरक्रिया कार्यक्रम संचालन गरि उत्पादन, व्यवसायीकरण, बजारीकरण जस्ता कार्यमा सहजीकरण गर्न सक्नेछ ।

## खण्ड ६

## ६. कर्मचारी सम्बन्धि ब्यबस्था परियोजना

६.१ यस परियोजना संचालनको जिम्मा नगरपालिकाको शाखा अधिकृत तहको लाइ संयोजक तोकिनेछ । अन्य आवश्यकता वमोजिम कृषि प्राबिधिक (J.T.A), सामाजिक परिचालक तथा पशु प्राबिधिक सार्बजनिक सुचना गरि नियुक्ति गरिनेछ ।

६.२ निजहरुको पारिश्रमिक स्वयंसेवकको रुपमा न्यूनतम १२०००(बाह्र हजार) तोकिनेछ । आबश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी थप गर्न सकिनेछ ।

## खण्ड ७

**७. बिबिध :** यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित नियम, कानुन, निर्देशिका बमोजिम हुनेछ । यस कार्यविधिले ब्यबस्था गरेको कुनै प्राबधान कार्यन्वयन गर्दा बाधा अड्काउ फुकाउन परेमा समितिको क्षेत्रभित्र पर्ने समितिले अन्य जटिल नितिगत अवस्थामा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

*प्रमाणीकरण मितिः- २०७६/०६/३०*

**आज्ञाले**
**बाबुराम अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**